# शुद्धोधन राजपत्र


**शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित**

**खण्डः ६ शुद्धोधन, असार १२ गते, २०७९ साल संख्याः २**


## भाग-१

## शुद्धोधन गाउँपालिकाको, विनियोजन ऐन-२०७९

### शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन - २०७९

**प्रस्तावनाः** शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम ११ औं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१)आर्थिक वर्ष २०७९।०८० को निमित्त शुद्धोधन गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ६३,८४,०८,०००।- (अक्षेरुपी त्रिसठ्ठी करोड चौरासी लाख आठ हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ । तर गत बर्षको अल्या, अन्तरसरकारी हस्तान्तरण तथा अन्य कोष खाताका रकम खर्च कानून बमोजिम हुनेछ । ससर्त तर्फ र समपूरक तर्फको रकम समेत प्रचलित कानूनको अधिनमा रहि खर्च गरिनेछ ।

**३. विनियोजनः**

१) यस ऐनद्धारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त शुद्धोधन गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।आ.व. २०७९।०८० को व्ययको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**अनुसूची-१**

| | | | |
|---|---|---|---|
| | **समष्टिगत व्ययको विवरण** | | |
| ख) शुद्दोधन गाँउकार्यपालिकाद्धारा आगामी आ.व. ०७९/०८० को अनुमानित ब्ययको प्रक्षेपण | | | |
| **सि.नं.** | **विवरण** | **बजेट** | **कैफियत** |
| १ | गाउपालिका स्तरिय चालु खर्च | ९४१५८००० | |
| | **जम्मा** | **९४१५८०००** | |
| २ | **आर्थिक विकास तर्फको खर्च** | | |
| २.१ | गाउपालिका स्तरिय कृषि विकास कार्यक्रम | ८५००००० | |
| २.२ | गाउपालिका स्तरिय पशु विकास कार्यक्रम | ५५००००० | |
| २.३ | गाउपालिका स्तरिय सहकारी तर्फ | ३००००० | |
| २.४ | गाउपालिका स्तरिय सामुदायिक कोष | १५००००० | |
| २.५ | वडा स्तरिय | ५८००००० | |
| | **जम्मा** | **२१६०००००** | |
| ३ | **सामाजिक विकास तर्फको व्यय** | | |
| ३.१ | गाउपालिका स्तरिय शिक्षा | १४५००००० | |

| | | | |
|---|---|---|---|
| ३.२ | गाउपालिका स्तरिय स्वास्थ्य | ९३००००० | |
| ३.३ | गाउपालिका स्तरिय आयूर्वेद | १६००००० | |
| ३.४ | गाउपालिका स्तरिय लक्षित बर्ग | ३०५०००० | |
| ३.५ | गाउपालिका स्तरिय खानेपानी | १३००००० | |
| ३.६ | वडा स्तरिय | १६३०५००० | |
| | **जम्मा** | **४६०५५०००** | |
| **४** | **पूर्वाधार विकास तर्फको ब्यय** | | |
| ४.१ | गापास्तरिय पूँजीगत | ६३१००००० | |
| ४.२ | वडास्तरिय | ३९४००००० | |
| | **जम्मा** | **१०२५०००००** | |
| **५** | **सुशासन तथा संस्थागत विकास तर्फको खर्च** | | |
| ५.१ | न्यायिक शाखा तर्फ | ६५०००० | |
| ५.२ | योजना शाखा तर्फ | ५००००० | |
| ५.३ | सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | ५००००० | |
| ५.४ | वडा स्तरिय | ६९४०००० | |
| | **जम्मा** | **८५९००००** | |
| ६ | **बन, बाताबरण तथा विपद ब्यबस्थापन, नदी नियन्त्रण र कोभिड १९ तर्फको खर्च** | | |
| ६.१ | गाउपालिका स्तरिय बन, बाताबरण तथा विपद ब्यबस्थापन, नदी नियन्त्रण र कोभिड १९ तर्फ | १००००००० | |
| ६.२ | वडा स्तरिय | १५५५००० | |
| | **जम्मा** | **११५५५०००** | |
| गाउँपालिका र वडाहरुबाट समेत विनियोजित जम्मा बजेट | | २८४४५८००० | |
| गत बर्षका अल्या कार्यक्रमहरुको बजेट रु. | | ० | |
| ७ | **विनियोजित भइ प्राप्त बजेट तर्फ** | | |
| ७.१ | संघीय सरकार सर्शत अनुदान चालु | १७७०८५००० | |
| ७.२ | संघीय सरकार ससर्त अनुदान पुजीगत | १५४१५००० | |
| ७.३ | संघिय सरकार समपुरक अनुदान | ५०००००० | |
| ७.४ | संघीय सरकार विषेश अनुदान पुजीगत | २६०००००० | |
| ७.५ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | ४५०००० | |

| | | | |
|---|---|---|---|
| ७.६ | लुम्विनी प्रदेश ससर्त अनुदान | ८०००००० | |
| ७.७ | लुम्विनी प्रदेश विशेष अनुदान | ६०००००० | |
| ७.८ | लुम्विनी प्रदेश समपुरक अनुदान | १५०००००० | |
| ७.९ | सडक बोर्ड नेपाल संघिय सरकार(परिपुरक) | १०००००० | |
| ७.१ | सामाजिक सुरक्षा भत्ता | १०००००००० | |
| | **विनियोजित भइ प्राप्त बजेट तर्फ** | **३५३९५००००** | |
| | **कूल जम्मा बजेट खर्च** | **६३८४०८०००** | |

प्रमाणिकरण मितिः- २०७९/०३/१०

आज्ञाले
झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
शुद्धोधन गाउँपालिका, रुपन्देही